" पर्यटन, कृषि र प्राकृतिक सौन्दर्यको शहर, समृद्ध सांस्कृतिक तारकेश्वर नगर "

# वार्षिक प्रगति समीक्षा गोष्ठी

## आ.व. २०७७/०७८

## मितिः२०७८।०९।७ र ८ गते

## तारकेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धर्मस्थली, काठमाण्डौ

## बागमती प्रदेश, नेपाल



# नगर परिचयः

- **भौगोलिक अवस्थितिः**

  १) समुन्द्र सहतदेखिको उचाईः १३४५ मि.

  २) क्षेत्रफलः ३५ वर्ग कि.मि.

  ३) सिमानाः पुर्वः टोखा नगरपालिका

  पश्चिमः नार्गाजुन नगरपालिका

  उत्तरः नुवाकोट जिल्ला

  दक्षिणः काठमाडौं महानगरपालिका वडा नं. १६

  ४) अवस्थितिः देशान्तरः ८५°१८'११"E

  अक्षांशः २७°२७'१२" N

  ५) राजनैतिक तथा प्रशासनिक विभाजन

  बागमती प्रदेश, जिल्लाः काठमाडौं

  निर्वाचन क्षेत्र नं. ६(वडा नं. १, २, ६, ७ ,८ ,९ १०,११)

  निर्वाचन क्षेत्र नं. ७ (वडा नं. ३, ४ र ५),

  ६) वडा संख्याः ११ वटा

  ७) जनसंख्या(०६८ को जनगणना अनुसार) :


  महिलाः ४०,०६७

  पुरुषः ४१,३७६

  जम्माः८१,४४३

  जनघनतवः २३०० प्रति व.कि.मि.

तारकेश्वर नगरपालिकाको वडागत विवरण



## नगरपालिकाको आ.व. ०७७।०७८ को लक्ष्य र उद्देश्यहरु:

१) सवै प्रकारका प्रकोप, महामारी विपदवाट जीवन रक्षा गर्दे नगरवासीलाई सुरक्षित वनाउने ,

२) नगरवासीहरुको आर्थिक सामाजिक अवस्थामा सुधार गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने,

३) उपलव्ध श्रोत र साधनको अधिकतम प्रयोग गर्दै न्यायोचित वितरण गर्ने,

४) पूर्वाधार विकासमा जनसहभागिता अभिवृद्धि गर्दै विकासमा अपनत्व जगाउने ,

५) सेवा प्रवाहलाई सरल, मितव्ययी र पारदर्शी वनाउदै नगरपालिकाप्रति आमनागरीकहरुको आस्थालाई अभिवृद्धि गर्ने

# आर्थिक वर्ष २०७७/०७८ को नीति

## १) पूर्वाधार विकासः

- नगरपालिकाको बस्ती विकासको लागि तारकेश्वर नगरपालिकाको भवन निर्माण तथा नक्सा पास सम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनमा ल्याइनेछ ।
- पूर्वाधार विकासमा विशेषगरी मूलसडकहरुलाई कालो पत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।
- सडक तथा अन्य पूर्वाधारको मर्मत सुधार तथा स्तरोन्नति गर्न "मर्मत सम्भार कोष" स्थापना गरि सो कोष परिचालनका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।
- अनाधिकृत रुपमा निर्माण हुने संरचनाको नियन्त्रण गर्न आवश्यक नीति कार्यान्वयनमा ल्याइनेछ ।
- वडास्तरीय विकासमा टोल सुधार समितिलाई प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- नगरपालिका भित्र रहेका पुराना तथा धार्मिक महत्व बोकेका वस्तीहरुलाई सांस्कृतिक, ऐतिहासिक स्थानको रुपमा विकास गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।
- सार्वजनिक जग्गा अतिक्रमण गर्ने, बाटो खोल्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ ।
- पूर्वाधार विकासलाई वातावरण मैत्री वनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका योजना÷कार्यक्रम बाहेक अन्य पूर्वाधार, निर्माण कार्यक्रमहरुको सम्झौता चैत्र मसान्त सम्म गरी सक्नु पर्ने नीति लिइनेछ ।
- भूकम्प पुननिर्माण कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुले निर्माण गर्न बाँकी रहेका घर निर्माण कार्यमा आबश्यक सहजिकरण गरिने छ ।

## २) आर्थिक विकासः

### क) कृषि तथा पशु सेवा

- कृषि तथा पशु सेवा क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिइनेछ।
- कृषि तथा पशुपालन पेशामा हुन सक्ने जोखिम न्यूनिकरण गर्न विमा कार्यक्रमलाई प्रोत्साहित गर्दै उक्त कार्यक्रमको निरन्तरता दिइनेछ।
- कृषि उत्पादन र बजारीकरणमा देखिएको असन्तुलन, कृषकले उत्पादनको उचित मूल्य नपाउने गुनासो, उपभोक्ता र उत्पादक बीचको मूल्यमा हुने अन्तरलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु ल्याइनेछ।
- कृषकहरुलाई प्रोत्साहन गर्न अनुदान, कृषि तालिम, आधुनिक कृषि प्रणाली र कृषि पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- कौसी खेतीलाई शहरी कृषिको रुपमा विकसित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषि उत्पादनलाई बृद्धि गर्न भूमि बैंकको अबधारणा लागू गर्दै जमिन बाँझो राख्ने प्रक्रियाको अन्त्य गरिनेछ।
- अनुदानमा मुल बिउ प्राप्त गर्ने कृषि समुह÷कृषकबाट उत्पादित उन्नत बिउ नगरपालिकाले नै खरिद गरि बितरण गर्ने नीति अबलम्बन गरिने छ।
- पशु रोग नियन्त्रणका लागि खोप सेवा कार्यक्रम, रेविज नियन्त्रण कार्यक्रम तथा सामुदायिक कुकुर नियन्त्रण तथा ब्यबस्थापनका लागि वन्ध्याकरण तथा स्पेइङ्गजस्ता कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।
- कृत्रिम गर्भाधानबाट जन्मेका पाडा पाडी, बाच्छा बाच्छीहरुको तथ्याङ्क राखी सुत्केरी गाई र भैंसी पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- वर्डफ्लुले गर्दा कुखुरा पालन व्यवसाय नै धरासायी हुने अवस्थामा पुगेकाले वर्डफ्लु नियन्त्रणका लागि खोपको व्यवस्थाका लागि आवश्यक पहल गरिने छ।
- दुध तथा दुग्ध जन्य पदार्थको आपुर्ति गर्ने डेरी र स्वस्थ मासु आपुर्तिगर्ने मासु पसलहरुलाई सुधार गर्न साझेदारी कार्यक्रम ल्याइनेछ।
- पशुपालकलाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन गाई, भैंसी तथा वाख्रापालन व्यवसायको लागि गोठ सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केकाहरुले आफ्नै शिप र क्षमताको बिकास गरि उत्पादनमुलक रोजगारीको सृजना गर्न चाहेमा निजहरुलाई नगरपालिकाबाट आबश्यक सहयोग उपलब्ध गराईने छ।

## ख) पर्यटन

- कोरोना भाइरसका कारण खस्किएको पर्यटन क्षेत्रलाई जीवन्तता दिन धार्मिक, सांस्कृतिक शैक्षिक लगायतका क्षेत्रसँग सम्बन्धित आन्तरिक पर्यटन प्रबद्र्धन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय संभावना बोकेका स्थानहरुको प्रचार प्रसारका लागि उक्त स्थानहरुको संक्षिप्त जानकारी सहितको हाते पुस्तिका र किताब प्रकाशन गरिनेछ ।
- नगरपालिका भित्र पर्यटनको विकासका लागि आन्तरिक र वाह्य पर्यटकीय सम्भावना बोकेका स्थानहरुको पहिचान गरी धार्मिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण सम्वद्र्धन गर्दै पद मार्ग बिकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

## ग) सहकारी

- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि तालिम (गोष्ठी) सञ्चालन गरी सहकारीको क्षमता विकास गर्दै उत्पादनमूखी क्षेत्रमा लगानी गर्न सहकारी खेतीका लागि प्रोत्साहित गरिदै लगिनेछ ।
- आवश्यकता अनुसार सहकारीहरुलाई क्रमशः एकीकरण गर्दै लैजाने नीति अबलम्बन गरी सहकारीहरुको अनुगमन, नियमन कार्य प्रभावकारी बनाइनेछ ।

## घ) उद्योग तथा वाणिज्य

- कृषि, फलफूल, जडिबुटी, लघु घरेलु तथा साना उद्योगको सञ्चालनमा प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।
- उपभोक्ता हक हित संरक्षणका लागि कोभिड–१९ (कोरोना भाइरस) को त्रास रहेको अवस्थामा समेत अत्यावश्यक वस्तुको आपूर्ति ब्यबस्थापन चुस्त बनाउन बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यमको क्षेत्रमा सहकार्य गर्न  विभिन्न निकायसँग समन्वय गरिनेछ ।
- उपभोक्ताहरुको हितलाई ध्यानमा राखि प्रत्येक वडाहरुमा सुपथ मुल्य पसल सञ्चालनको थालनी गरिनेछ ।

## ३) सामाजिक बिकास:

### क) स्वास्थ्य

- कोरोना भाईरस (कोभिड–१९) लगायत् महामारी जन्य रोगहरु रोकथाम र नियन्त्रण गर्न बिशेष कार्यक्रम सञ्चालन गरिने छ।
- कोरोना भाईरस (कोभिड–१९), बर्ड फ्लु, डेंगु तथा अन्य महामारीजन्य रोगहरु सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरी आवश्यकतानुसार परीक्षण गरिनेछ।
- साङ्गला प्राथमिक स्वास्थ केन्द्रलाई आबश्यक पूर्बाधार सहित व्यबस्थित क्वारेन्टिन सञ्चालनको तयारी भईरहेकोमा आवश्यकतानुसार अन्य स्थानहरुमा समेत थप गर्दै लगिने छ।
- एम्बुलेन्स सेवा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- वडा नं. ३ स्थित जितपुरफेदी स्वास्थ चौकीमा बर्थिङ्ग सेन्टर सञ्चालन गर्न आबश्यक पहल गरिनेछ।
- नगरपालिकाको वडा नं. ४ स्थित शहरी स्वास्थ्य केन्द्र तथा वडा नं. ५ स्थित स्वास्थ्य चौकीमा ल्याव स्थापना गरी सो को ब्यबस्थापन गरिनेछ।
- मृगौला रोग सम्बन्धि निःशुल्क परिक्षणको कार्यक्रमलाई अगाडी बढाईनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि उत्प्रेरणा तथा मनोबल बढाउने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ७० वर्ष उमेर पुरा भएका सुगर र प्रेशर रोगका बिरामी ज्येष्ठ नागरिकहरुलाई कार्यविधि बनाई निःशूल्क औषधी वितरण गरिनेछ।
- गर्भवती महिलालाई निःशूल्क रुपमा प्रदान गरिंदै आएको क्याल्सियम ट्याब्लेट वितरणलाई निरन्तरता दिइनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकतानुसार सीप र दक्षता अभिवृद्धि गर्ने जस्ता तालिम दिई स्वास्थ्यकर्मीहरुको क्षमता बढाईनेछ।
- साङ्गला प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी अस्पतालको रुपमा स्थापित गर्न आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।
- सामुदायिक विद्यालयका किशोरीहरुलाई पाठेघरको क्यान्सर सम्बन्धी भ्याक्सिन दिने कार्य संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी सञ्चालन गरिनेछ।
- ८० वर्ष माथिका ज्येष्ठ नागरिकरुको स्वास्थ्य जाँचको लागि घर दैलो स्वास्थ्य सेवा अझ प्रभावकारी बनाई घरदैलो अभियान कार्यक्रमलाई आगामी आ.व मा सवै वडामा सञ्चालन गरिने नीतिलाई निरन्तरता दिईने छ।नगरस्तरीय अस्पताल स्थापना गर्न आवश्यक पहल गरिनेछ।

## ख) शिक्षा तथा खेलकूद

- आधारभूत तहमा अध्ययनरत उमेर समूहका सम्पूर्ण विद्यार्थीहरुलाई विद्यालय भर्ना गराई आधारभूत तहको "शैक्षिक सुनिश्चितता भएको नगरपालिका" घोषणा गरिनेछ।
- कोभिड–१९ को महामारीको कारण हाल कक्षा कोठामा पठनपाठन हुन नसकेको अवस्थामा विभिन्न अनलाईन, अफलाईन लगायतका सञ्चारको माध्यमका साथै वैकल्पिक शिक्षण मार्फत तोकिएको समयमा शिक्षण सिकाई क्रियाकलापहुने ब्यवस्था मिलाइनेछ।
- प्राविधिक शिक्षामा जोड दिई दक्ष जनशक्ति उत्पादन गर्न नमुना प्राविधिक विद्यालय सञ्चालन गर्ने नीति लिईनेछ।
- शिक्षाको जग र बालबालिकाहरुको चौतर्फी विकासको लागि वालविकास केन्द्रको सुदृढीकरण गर्न अनिवार्य रहेकोले बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई उत्प्रेरित गर्न अपरिहार्य भएकोले हाल संघीय सरकारले दिईरहेको पारिश्रमिकमा ५० प्रतिशत थप गरिनेछ।
- सामुदायिक विद्यालयको बालबिकास केन्द्रमा अध्ययनरत सम्पूर्ण बालबालिकाहरुलाई निःशूल्क पोशाकको ब्यबस्था गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई वातावरणमैत्री र प्रविधियुक्त बनाउन प्रोत्साहन गरिनेछ।
- उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक /शिक्षिका र उत्कृष्ट विद्याथीहरुलाई प्रोत्साहन र पुरस्कृत गरिनेछ।
- तारकेश्वर नगरपालिका खेलकूद कार्यविधि अनुसार खेलकूदलाई ब्यवस्थित रुपमा सञ्चालन गरी युवाहरुलाई सक्रिय गराइनेछ।
- फुटवल क्षेत्रको विकासको लागि तारकेश्वर नगरपालिका वडा नं. ५ मा निर्माणधीन फुटवल मैदानलाई स्तरोन्नति गर्न आवश्यक पहल गरिनेछ।
- खेलकूद विकासका लागि खेलकूदमा आबद्ध संस्थाहरुलाई क्रियाशील गराउन नगरस्तरीय खेलकूद समिति गठन गरी खेलकूदलाई पर्यटन विकाससँग आवद्ध गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकूद प्रतियोगितामा पदक प्राप्त गर्ने नगरका खेलाडीहरूलाई पुरस्कार सहित सम्मान गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- विद्यालयस्तरीय खेलकूद प्रतियोगिता र सांस्कृतिक प्रतियोगिता सञ्चालन गर्न आवश्यक सहयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- निजी र संस्थागत विद्यालयहरु बीचको समदूरी घटाउन आवश्यक पहल गरिनेछ।

## ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः (महिला विकास तर्फ)

- महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुको सहयोगको निमित्त  मनोसामाजिक विमर्शकर्ता तथा सीपविकास तालिम सञ्चालनको साथै हिंसामा परेका महिलाको तत्काल राहत उपलब्ध गराउनका लागि कोषको स्थापना गरिनेछ।
- महिलाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तनका लागि क्रमशः योजना तथा उद्यमशिलता तालिमसंचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- महिलाहरु सञ्चालक भई सञ्चालन हुने उद्योग व्यवसाय दर्तामा कर छुट दिने नीति अवलम्वन गरिनेछ।
- एकल महिलाको हक हित संरक्षणका लागि विभिन्न सीपमूलक तालिमको साथै सहयोग कोषको स्थापना गर्ने नीति लिइनेछ।
- बालमैत्री स्थानीय शासन सम्वन्धी नगर कार्य योजनाको निर्माण गरी कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।
- बालबालिकामा पर्न सक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका, बालगृहहरुमा सामाजिक मनोचिकित्सा सम्बन्धी प्रशिक्षण तालिम संचालन गर्ने नीति लिईनेछ।
- वडा र नगरस्तरीय जेष्ठ नागरीक संजाल गठन गरी नगरको योजनामा ज्येष्ठ नागरिकहरुको अनुभव र सीपलाई  समाहित गर्ने नीति लिइनेछ।
- अपाङ्गता भएका व्यक्तिको हक हितको सुरक्षा, सम्मान र प्रत्याभूति दिलाउनक्षमता विकास तथा सीप विकास कार्यक्रमहरु तयार गरी संचालन गरिनेछ।
- दलित बर्गहरुको तथ्याङ्क संकलन गरी निजहरुको पेशा ब्यबसायलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।
- नगर भित्रका अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन गर्ने कार्य गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिको लागि राज्यद्वारा प्रदान गरिने सेवा सुविधा बारेमा अडियो भिडियोबाट सूचना प्रवाह गरी सेवामा पँहुच पु¥याउने नीति लिइनेछ।
- आदिवासी, जनजाति, दलित र सिमान्तकृत वर्गहरुको उत्थानको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगर भित्र स्थायी रुपमा बसोबास गरेका शैक्षिक बेरोजगारहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरिने साथै युवा लक्षित ड्राईभिङ्ग, मोवाईल मर्मत, कुक, वेटर लगायतका सीपमूलक तालिम संचालन गर्ने ब्यबस्था गरिनेछ।

### घ) सांस्कृतिक प्रवर्धन

- नगरमा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण तथा सम्बद्र्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- नगरभित्रका पुरातात्विक महत्वका सम्पदाको संरक्षण एवं पुनःनिर्माणका लागि अभिलेख तयार गरिनेछ।
- सांस्कृतिक धरोहरका रुपमा नगरक्षेत्र भित्र रहेका बाजाखलः, जात्रापर्व, लगायत सांस्कृतिक सम्पदाको संरक्षण र प्रवद्र्धन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।

### ४) वातावरण तथा विपद् व्यवस्थापनः

- पूर्वाधार विकास प्रक्रियामा विपद जोखिम न्यूनिकरणको अवधारणालाई आत्मसात गरिनेछ।
- जोखिम सचेतना तथा न्यूनीकरण अभ्यास तालिम सञ्चालन गरिनेछ।
- विपद ब्यबस्थापन कोषलाई मजबुत बनाउन कम्तीमा २ करोडमा नघट्ने गरी थप रकमको ब्यबस्था गरिनेछ।
- वर्षायाममा हुन सक्ने विपद (आगलागी, बाढी, पहिरो, चट्याङ्ग, भुकम्प) न्यूनीकरणको लागि जनचेतनामूलक कार्यक्रम प्रचार प्रसार तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- वडास्तरीय विपद् ब्यवस्थापन समितिलाई थप क्रियाशील बनाई विपद पूर्व तयारी कार्यलाई ब्यवस्थित गरिनेछ।
- विपदमा परेकाहरुको लागि राहत तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
- आवश्यकतानुसार विपद ब्यबस्थापन गर्न उद्धार सामग्रीहरु भण्डारण गरिनेछ।
- वन क्षेत्रको संरक्षण र सम्वद्र्धन गर्दै बातावरणीय सन्तुलन कायम गर्दै वनजन्य क्षेत्रको बहुउपयोग गरी आय र रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ।
- नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गालाई हरियाली क्षेत्रको रुपमा विकास गर्न नगरवासीको विशेष संलग्नतामा बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।

- नगरक्षेत्र भित्र रहेका वन क्षेत्रको संरक्षण, पार्क निर्माण तथा बनक्षेत्र संग सम्बन्धित आय आर्जनका क्रियाकलापहरु संचालन गर्न अन्य निकायको सहकार्यमा कार्य गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- सामुदायिक वनहरुमा उपभोक्ता समिति मार्फत आय आर्जनका लागि जडिवुटि खेतीलाई प्रोत्साहन गरी जडीवुटी प्रशोधन उद्योगलाई निश्चित राजश्व छुट गर्ने नीति अवलम्वन गर्न समुदायीक वन उपभोक्ता समितिहरुलाई परिचालन गर्ने नीति लीइने छ।
- जलाधार क्षेत्रको संरक्षण गरी स्वच्छ एवं सफा खानेपानीको व्यवस्थापनका लागि पहल गरिनेछ।
- निकुञ्ज तथा बफरजोन क्षेत्र भित्र गरिने विकास निर्माणका लागि सरोकारवाला निकायसंग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- निजीक्षेत्रको समन्वयमा फोहोरमैला व्यवस्थापन गरी आन्तरिक आय स्रोतको रुपमा विकास गरिनेछ।
- प्राकृतिक वातावरणको संरक्षण पुनःस्थापना र दिगो उपयोगमा जोड दिंदै पानी, वायु तथा ध्वनी प्रदुषण न्यूनिकरणका उपायहरु अवलम्वन गरिनेछ।
- सरसफाई कार्यलाई अभियानको रुपमा संचालन गर्न प्रत्येक वडामा आफ्नो वडा क्षेत्रभित्र मासिक रुपमा वडा सरसफाई कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ।
- सरसफाइको लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- तारकेश्वर नगरपालिकामा फोहोर ब्यबस्थापन गर्ने संस्थासँग समन्वय र सहकार्य गरिनेछ।
- वातावरणीय प्रभाव मूल्याङ्कन (भ्क्षब् र क्ष्भ्भ्) गर्ने कार्यलाई जोड दिइनेछ।
- नगरक्षेत्र भित्र भएर बग्ने खोल्सी तथा नदीनालालाई स्वच्छ र सफा राख्ने कार्यलाई निरन्तरता दिइनेछ।
- नगर क्षेत्रमा रहेका पोखरी, जलाशय, ढुंगेधारा तथा खानेपानी मुहानहरूको संरक्षण र सम्बर्द्धन गरी जलश्रोतको सदुपयोगका लागि आवश्यक कार्य गरिनेछ।
- अन्तर नगरपालिका एवं प्रदेश सरकार समेतको लागत साझेदारी कार्यक्रमवाट खुल्ला क्षेत्र र पुरातात्विक महत्वका क्षेत्रको संरक्षण र सम्वर्द्धन गरि हरियाली क्षेत्रको विकास एवं पुरातात्विक सम्पदाको संरक्षण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- पानीको श्रोत÷उद्गमस्थल पहिचान गरी स्वच्छ र सफा खानेपानी वितरण गर्न आवश्यक समन्वय गरिनेछ।
- स्वच्छ खानेपानीको लागि एक घर एक धारा कार्यक्रम लागू गरिनेछ।
- खानेपानी आपूर्तिमा सहजताको लागि संघीय सरकार तथा प्रदेश सरकारको सहयोगमा डिप बोरिङ्ग कार्य गर्न आवश्यक पहल गरिनेछ।
- मन्दिर, पाटी, पौवा, धारा, कुवा, खोला सफाई कार्यलाई निरन्तरता दिईनेछ।

## ५) संस्थागत विकास, सेवा प्रबाह र सुशासन

क) संस्थागत विकास एवं सुशासन :

- नगरपालिकाको विविध गतिविधिहरुको बारेमा सबै नागरिकहरुमा जानकारी गराई सुशासन अभिवृद्धि गर्न नगरपालिकाको ध्भदकष्तभ अझ व्यवस्थित र नगर मोबाइल एप्सको प्रयोगलाई विस्तार गर्दै सुचनाको हकको पहुँच आम नागरिक समक्ष पु¥याउने कार्यलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाबाट भए गरेका बिकासका गतिबिधिहरु समेटी ब्रोसर, बुलेटिनहरु नियमित रुपमा प्रकाशन गर्ने व्यबस्था मिलाइने छ।
- समय सापेक्ष जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक वजेटको ब्यबस्था गरिनेछ।
- विद्युतीय वोलपत्र प्रणालीलाई अवलम्बन गरी ठेक्का व्यबस्थामा देखिएको विकृतिलाई हटाउने नीतिलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाको विधमान दरवन्दीमा इ ७  क्गचखभथ गरी अति आवश्यक पर्ने प्राविधिक र अन्य जनशक्ति मिलान गरी नियमानुसर पदपूर्ति गर्ने व्यबस्था मिलाइनेछ।
- कर्मचारीलाई उत्पेरित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन कार्यसम्पादन सूचकको आधारमा सुविधा उपलव्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाको सूचना सम्प्रेषण प्रणालीलाई भरपर्दो र प्रभाबकारी बनाउन संचारकर्मीहरु संग समन्वय गरिनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तथा तालिम कार्यक्रममा एकरुपता कायम गर्न उपयुक्त संरचना निर्माणमा पहल गरिने छ साथै अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु गरिनेछन्।
- सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाहहरु एवं  गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ।
- नगरपालिकाको न्यायिक सम्पादन प्रणाली अझै प्रभावकारी र व्यवस्थित वनाइनेछ साथै नगरस्तरीय र वडास्तरीय मेलमिलाप केन्द्रहरु जनमैत्री तुल्याइने छ।
- नगरको आवश्यकता अनुसार ऐन, कानुन, निर्देशिका, कार्यविधि निर्माण र संसोधन गर्दै लगिनेछ।
- वडास्तरीय मेलमिलाप केन्द्रको स्थापना गरी मेलमिलापको माध्यमबाट बिवादको समाधान गरिनेछ।
- सुरक्षा व्यबस्थाको लागि आबश्यकतानुसार नगर प्रहरीको जनशक्ति बृद्धि गर्दै लगिनेछ।

## ख) सूचना प्रविधि:

- नगरपालिकाको पाश्र्वचित्र गुरुयोजना आ.ब. २०७७/७८ मा तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- नक्सा पास लगायतका आवश्यक तथ्याङ्क र फाइलहरु EBPS प्रविधि मार्फत ब्यबस्थापन गर्दै लगिनेछ।
- नगरपालिकाको प्रगति विवरण तथा विभिन्न गतिविधिहरु चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा बुलेटिन तथा वेभसाइट मार्फत सूचना संप्रेषण गर्दै लगिनेछ।
- नगरपालिका क्षेत्र भित्र एफ एम रेडियो सञ्चालन कार्यलाई अगाडी बढाउन आबश्यक पहल गरिनेछ।
- समयानुकुल परिवर्तित सूचना प्रविधिको प्रयोग गरी नगरपालिकालाई आधुनिक सूचना प्रणालीयुक्त नगरपालिकाको रुपमा स्थापित गरिंदै लगिनेछ।

## ग) राजश्व परिचालन

- नगरपालिकालाई वार्षिक तथा निरन्तर रुपमा प्राप्त हुने खालका श्रोत र दायरा पहिचान गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजश्वको दायरामा ल्याइनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई करदातामैत्री बनाउन सो सँग सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय गरी करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- हाल नगरकार्यपालिकावाट लिदै आएका करका क्षेत्रले समेट्न नसकिएका क्षेत्रका व्यवसायहरुलाई समेटी करको दायरामा ल्याईने नीति अवलम्बन गरिनेछ ।
- समयमानै करदाताहरुले कर तिर्ने वातावरण श्रृजना गर्नका लागि वार्षिक रुपमा करदातालाई उत्प्रेरित गरी समयमा नै कर तिर्ने करदाताहरुका लागि विशेष कर छुटको व्यवस्था गरिनेछ ।
- राजस्व सुधार नीति अनुरुप स्थानीय सरकारले लिन सक्ने राजस्वका थप क्षेत्रहरुको समेत अध्ययन गरी राजस्व प्राप्त गर्न सक्ने क्षेत्रहरुमा बहुवार्षिक योजना तथा कार्यक्रमहरुमा समावेश गरी दीर्घकालिन राजस्व प्राप्ति सुधारका क्षेत्रहरु बढाउने नीति लिईनेछ ।
- नगरपालिकालाई वार्षिक तथा निरन्तर रुपमा प्राप्त हुने खालका राजस्वको श्रोत र दायराहरु पहिचान र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरभित्रका उत्कृष्ट करदाताको छनोट गरी सम्मान गर्ने कार्यको थालनी यसै आ.व. देखि थालिनेछ ।
- कर प्रशासन सम्बन्धी प्रक्रियालाई सरल र पारदर्शी बनाइनेछ ।
- कोभिड–१९ का कारण आम नागरिकहरुमा पर्न गएको असरलाई मध्यनजर राख्दै करदाताहरुलाई उत्प्रेरित गर्न आर्थिक ऐन, २०७७ मा समेटी तोकिएका क्षेत्रहरुमा केही कर छुटको ब्यबस्था गरिनेछ ।

## कानून तर्फः

आबश्यक ऐन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । संघ र प्रदेशबाट तर्जुमा भएका कानूनहरुको आधारमा आवश्यकता अनुसार थप कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## न्यायिक समिति तर्फः

न्यायिक प्रक्रियालाई छिटो छरिदो र सरल बनाउंदै सबैको सहज पहुँच सुनिश्चिता गरिनेछ । घरेलु हिंसा पिडित महिला, एकल महिला, अपाङ्गगता भएका व्यक्ति, दलित, वालबालिका र ज्येष्ठ नागरिकहरुलाई न्यायमा सहज पहुंच पुराउन नगरपालिकामा लाग्ने दस्तुरहरुलाई निःशुल्क गरि कानूनी सहायता उपलब्ध गराईनेछ । हिंसा र द्वन्द रहित समाज निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

विवाद समाधानका लागि वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

# वार्षिक आय व्यय विवरण

(रु हजारमा)

| विवरण | रकम | कैफियत |
|---|---|---|
| कुल आय | १,९४,१५,४७ | |
| कुल व्यय | १,३४,१५,१४ | |

# वित्तीय अवस्था

| वित्तीय अवस्था | प्रतिशत (%) |
|---|---|
| चालु खर्च प्रगति | ६३.८४ |
| पूँजिगत खर्च प्रगति | ६२.७४ |
| | |

# कर तथा राजश्वको प्रमुख स्रोतहरु र संकलित राजश्व रकम

(रु हजारमा)

- एकीकृत सम्पत्ति कर : ४१६७९ (४ करोड १६ लाख ७९ हजार)
- घर वहाल कर : १४८७८ (१ करोड ४८ लाख ७८ हजार)
- सेवा शुल्क तथा दण्ड जरिवाना : ४६१२२ (४ करोड १६ लाख २२ हजार)
- विज्ञापन तथा व्यवसायिक कर : ४८१४ (४८ लाख १४ हजार)
- प्राकृतिक स्रोत (ढुगा, गिट्टी,माटो आदिको विक्रि तथा निकासी वापत प्राप्त दस्तुर तथा शुल्क ) : २६८११ (२ करोड ६८ लाख ११ हजार)
- अन्य (नक्सा पास) : ५५५५२ ( ५ करोड ५५ लाख ५२ हजार)
- **कुल आम्दानीः १८९८५६ (१८ करोड ९८ लाख ५६ हजार)**

# आन्तरिक आय तथा राजश्व बाँडफाँडको अवस्था

| विवरण | ०७६/७७ को कूल आम्दानीको लक्ष्य (रु हजारमा) | आ.व. ०७६।०७७ को यथार्थ आम्दानी (रु हजारमा) | प्रगति (%) | आ.व. ०७७।०७८ को |
| --- | --- | --- | --- | --- |
| आन्तरिक आय | १६०००० | १७०४४७ | १०६.५ | १८,९८,५६ (१८ करोड ९८ लाख ५६ हजार) |

## योजनागत प्रगति विवरण :

| सि नं | योजनाको किसिम | जम्मा योजना | सम्झौता भएका योजना | सम्पन्न योजना | सम्झौता हुन वाकी योजना | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारी योजना | ११५ | ९६ | ७४ | १९ | ७७.०८ |
| २ | नगरस्तरिय योजना | १७३ | १५८ | ११९ | १५ | ७५.३२ |
| ३ | वडास्तरिय योजना | २९१ | २१८ | १८५ | ७३ | ८४.८६ |
| ४ | क्रमागत योजना | २०३ | १८० | १५८ | २३ | ८७.७८ |
| ५ | मर्मत | २२ | १८ | १८ | ४ | १००.०० |
| ६ | संघीय समपूरक योजना | १ | १ | १ | १ | १००.०० |
| ७ | प्रदेश समपूरक योजना | १ | १ | १ | १ | १००.०० |
| ८ | प्रदेश सशर्त योजना चालु समेत | ५ | ५ | ५ | ० | १००.०० |
| ९ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | १८ | १८ | १८ | ० | १००.०० |
| १० | स्थानीय पूर्वाधार विकास साझेदारी | ३३ | ३२ | ३१ | १ | ९६.८८ |
| ११ | सडक वोर्ड | २ | २ | १ | ० | ५०.०० |
| १२ | वातावरण संरक्षण तथा हरित उद्यान कार्यक्रम(अन्तर सरकारी अख्तियारी) | १ | १ | १ | ० | १००.०० |
| १३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम (सशर्त) | ३ | ३ | ३ | ० | १००.०० |
| १४ | युवा तथा खेलकुद | १ | १ | १ | ० | १००.०० |
| १५ | भौतिक पूर्वाधार विकास मन्त्रालय शसर्त अनुदान | १ | १ | १ | ० | १००.०० |
| | जम्मा | ८७० | ७३५ | ६१७ | १३७ | ८३.९५ |

# योजनागत प्रगति विवरण :

| | |
|---|---|
| ➢ कुल योजना मध्ये सम्झौता भएका योजना | ८४.४८ % |
| ➢ सम्झौता मध्ये सम्पन्न योजना | ८३.९५ % |
| ➢ कुल योजना मध्ये सम्पन्न योजना | ७०.९२ % |

## सूचकको आधारमा भौतिक प्रगति विवरण :

| सि नं | भौतिक प्रगति | इकाई | परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | वडा स्तरीय | थप कार्यक्रम | नगर | स्था पू ,प्र. पू. समपूरक | ठेक्का | |
| १ | वाटो ढलान | मि. | ७६१० | ६९२ | २३१० | १५८५ | १६०९ | १३८०६ |
| २ | कालो पत्र | मि. | १०८७ | ० | ० | ९२८ | २९९४ | ५००९ |
| ३ | ग्रावेल वाटो निर्माण | मि. | ५८५६ | २४० | २१६३ | ६२२ | १३७६ | १०२५७ |
| ४ | व्लक विच्छाउने कार्य | मि. | १४१२ | ४८३ | ५७१ | १०६९ | ० | ३५३५ |
| ५ | ढल राख्ने कार्य | मि. | ७३३४ | ९६७ | १११८ | ३९० | १०० | ९९०९ |
| ६ | वाटो स्तरोन्नती | मि. | ५९३१ | ७६६ | २८३७ | ७५६ | ० | १०२९० |
| ७ | खानेपानि पाइप लाइन विस्तार | मि. | १०३२५ | ५४० | १४२२५ | ० | ० | २५०९० |

# सूचकको आधारमा भौतिक प्रगति विवरण :

| सि नं. | भौतिक प्रगति | इकाई | परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | वडा स्तरीय | थप कार्यक्रम | नगर | स्था पू ,प्र. पू. समपूरक | ठेक्का | |
| ८ | भोतिक संरचना निर्माण तथा सुधार | संख्या | | | | | | |
| ९ | पुलपुलेसा निर्माण | | ४ | ० | ३ | २ | ३ | १२ |
| १० | पाटी पोवा चौतारा | | ६ | ० | ६ | १ | ० | १३ |
| ११ | विद्यालय भवन | | १ | ० | ० | २ | ० | ३ |
| १२ | सामुदायिक भवन | | ११ | ० | ८ | १ | ० | २० |
| १३ | मन्दिर | | ११ | २ | ८ | ४ | १ | २६ |
| १४ | सार्वजनिक जग्गा संरक्षण | रोपनी | १ | १ | ० | ० | ० | २ |
| १५ | मेसिनरी वाल पहिरो संरक्षण | संख्या | ३७ | २ | १ | ० | ० | ४० |
| १६ | स्टिल रेलिङ | मि. | १९९ | १०० | ० | ० | ० | २९९ |
| १७ | पोखरी | थान | ० | ० | १ | ० | ० | १ |
| १८ | भवन निर्माण संरक्षण | थान | ० | ० | ० | ० | २ | २ |
| १९ | डिमार्केशन वाल निर्माण | मि. | ० | ० | ० | ० | ५६३८ | ५६३८ |

# जिल्ला समन्वय समिति काठमाण्डौको सहकार्यमा संचालित कार्यक्रम

- जिल्ला समन्वय समिति काठमाण्डौ र तारकेश्वर नगरपालिकाको ६०:४० को अनुपातमा रु १७,०१,५०,४८४ ।- को लागतमा तारकेश्वर नगरपालिकाको प्रशासकीय भवन निर्माण भईरहेको ।
- हाल सम्म ३५.३५% भौतिक प्रगति
- ३०.६७ % वित्तिय प्रगति

# सहकारी संस्था विवरण

| सि.नं. | सहकारीको किसिम | दर्ता संख्या | निष्कृय सहकारी | समस्या ग्रस्त |
|---|---|---|---|---|
| १ | कृषि | २३ | ९ | २ |
| २ | बहुउद्देश्यीय | १० | ४ | |
| ३ | बचत तथा ऋण सहकारी | ४९ | ५ | |
| ४ | दुग्ध सहकारी | ४ | ४ | |
| ५ | उद्यम सहकारी | १ | १ | |
| | जम्मा | ८७ | २३ | |

# जनशक्ति व्यवस्थापन

| विवरण | निजामती | | | स्थानीय | | | करार सेवावाट व्यवस्थापन भएको सख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त संख्या | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त संख्या | | |
| अधिकृतस्तर | २८ | २७ | | | | | ४ | |
| सहायकस्तर | ६९ | ४४ | | | | | ४८ | |
| सहयोगीस्तर | | २४ | | | | | | |
| जम्मा | | | | | | | | |

# चालु आ.व.मा तर्जुमा गरिएका ऐन, नियम, नीति, कार्यक्रम, कार्यविधिहरु

**(जम्मा ९ थान)**

| | | |
|---|---|---|
| तारकेश्वर नगरपालिकाको निर्माण व्यवसायको व्यवस्थापन गर्न बनेको कार्यविधि २०७७ (पहिलो संशोधन) | का.पा | २०७७।४।९ |
| भूमि (जग्गा) व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ (पहिलो संशोधन) | का.पा | २०७७।४।९ |
| संक्रामक रोग (Covid - १९) रोकथाम तथा रकम र सामग्री उपलब्ध गराउने निर्देशिका, २०७७ | का.पा | २०७७।५।८ |
| तारकेश्वर नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७ | का.पा | २०७७।५।३० |
| कर्मचारी प्रोत्साहन भत्ता मापदण्ड, २०७७ | का.पा | २०७७।५।३० |
| सञ्चार माध्यम मार्फत सूचना सम्प्रेषण एवं सेवा शूल्क भुक्तानी सम्बन्धी कार्यविधि २०७७ | का.पा | २०७७।५।३० |
| तारकेश्वर नगरपालिकाको सहकारी नियमावली, २०७८ | का.पा | २०७८।३।२ |
| नगर प्रहरि (पहिलो संशोधन) ऐन, २०७६ | न.स. | २०७८।३।११ |
| तारकेश्वर नगरपालिकाको कर्मचारी व्यवस्थापन सेवा शर्त सम्बन्धी ऐन, २०७८ | न.स. | २०७८।३।११ |

हाल सम्म निर्मित कानून जम्मा : ३५ वटा

Scanned with CamScanner

# न्यायिक समितिको कार्य, उजुरीहरु र फरफारकको अवस्था

**मुद्दाको समग्र अवस्था** : मुद्दाको संक्षिप्त अवस्था देहायको तालिकामा उल्लेख गरिएको छ ।

२०७७ श्रावण देखि २०७८ असार मसान्त सम्मको प्रगति

| सि.नं | आ.व. २०७६/०७७ बाट अ.ल्या. गरिएका मुद्दा संख्या | आ.व. २०७७/०७८ मा प्राप्त मुद्दा, उजुरी तथा निबेदन संख्या | यस आ.व. मा प्राप्त जम्मा मुद्दा, उजुरी तथा निबेदन संख्या | मुद्दाको प्रकृती | | मुद्दाको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा ४७ को उपदफा (१) अनुसार | दफा ४७ को उपदफा (२) अनुसार | मिलापत्र भएका मुद्दाको संख्या | फैसला गरिएको मुद्दाको संख्या | आ.व. २०७७/०७८ मा हेदहिर्दै मुद्दा संख्या | |
| १. | ३९ | १४५ | १८४ | २८ | १५६ | ३७ | ९७ | ५० | |

माथि तालिका अध्ययन गर्दा मुद्दाको प्रकृती अनुसार प्राप्त उजुरी मध्ये १६ प्रतिशत मुद्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) बमोजिम दर्ता हुन आएका छन् भने ८४ प्रतिशत मुद्दा उपदफा (२) बमोजिम दर्ता हुन आएकाछन् । मुद्दाको अवस्था हेर्दा २० प्रतिशत मुद्दा मेलमिलापको माध्यमबाट निरुपण भएको देखिन्छ भने ५४ प्रतिशत मुद्दा फैसलाद्वारा निरुपण भएको देखिन्छ । यस आ.व. मा प्राप्त जम्मा मुद्दा, उजुरी तथा निवेदन मध्ये ७४ प्रतिशत विवादहरु निरुपण भएको देखिन्छ ।

CS Scanned with CamScanner

# आ.व. ०७७ I ७८ सामाजिक सुरक्षा वितरणको विवरण

| विवरण | भत्ता प्राप्त गर्ने संख्या | कुल खर्च रकम (रु· हजारमा) | कुल फ्रिज रकम (रु· हजारमा) |
|---|---|---|---|
| जेष्ठ नागरिक (७० वर्ष माथि) | १५७५ | | |
| दलित जेष्ठ नागरिक भत्ता | ५४ | | |
| पूर्ण अपाङ्ग भत्ता | ७९ | ९१०१६ | ३१५ |
| अति अशक्त अपाङ्गता भत्ता | १२८ | | |
| जेष्ठ नागरिक एकल महिला भत्ता | ५०६ | | |
| विधवा | ६६० | | |
| दलित बालबालिका | ८९ | | |

# प्रमुख ठोस उपलब्धिहरू

- ❖ सडक स्तोन्नति ।
- ❖ नपा / वडा कार्यालय भवन निर्माण
- ❖ स्थानीय  सडकहरु पिच र ढलान
- ❖ खानेपानी योजना निर्माण
- ❖ ढल व्यवस्थापन
- ❖ पुरातात्विक संम्पदाको संरक्षण
- ❖ समग्रमा सडक यातायातमा सुगमता र सेवा प्रवाहमा सरलता र सहजता
- ❖ सामुदायिक / विद्यालय भवन निर्माण

# सामाजिक क्षेत्रतर्फको प्रगति

- सामुदायिक school हरुमा E- attendance व्यवस्थाले शिक्षकको विद्यालयमा उपस्थिती नियमितता भएको
- घरदैलो स्वास्थ्य उपचार, जेष्ठ नागरिकहरुले आधारभुत स्वास्थ्य सेवा प्राप्त गरेका
- सबै वडा स्वास्थ्य चौकीबाट Lab सेवा सुविधा
- महिला क्षेत्रका कार्यक्रम संचालनबाट महिलाहरुको क्षमता विकास भई आफ्नो विषयमा प्रष्ट कुरा राख्न सक्ने भएका
- स्थानीय जात्रा, पर्वहरुको संवर्द्धन, संरक्षण भएको
- विपद व्यवस्थापन तर्फ राहत उद्धारमा सहयोग
- नगरपालिका क्षेत्र भित्र सरसफाई कार्यक्रम अभियानको रुपमा थालनी गरिएको
- नगर प्रहरी साझेदारी कार्यक्रम संचालन

## सार्वजनिक, ऐलानि तथा पर्ती जग्गाको विवरण संकलन र संरक्षणका लागि गरिएका मुख्य कार्यहरु

१ वडास्तरमा सार्वजनिक, ऐलानी पर्ती जग्गा संरक्षणका लागि समिति गठन

२ सार्वजनिक, ऐलानी पर्ती जग्गा संरक्षणमा बजेट विनियोजन

३ पार्क निर्माण

४ सार्वजनिक स्थलमा पार्क निर्माणका लागि DPR तयार

५ विवरण संकलन गर्ने कार्य भईरहेको ।

## स्थानीय राजश्व प्रवर्द्धनको कार्य योजना राजश्व चुहावट नियन्त्रण सम्बन्धी तयार गरिएका कानुन र मापदण्ड

१ आर्थिक ऐन, २०७७ तर्जुमा

२ राजस्व सुधार कार्ययोजना तर्जुमा

३ राजश्व संकलनमा online software प्रणाली लागू गरिएको

# विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका क्षेत्रमा गरिएका नमुना कार्यहरु

- पहिरो प्रभावितहरुलाई त्रिपाल तथा सिलपोलिन वितरण ८० जनाको व्यक्ति तथा संस्थाको लागि ११९ वटा।
- आगजनि, हुरि वतास, बाढी लगायतका कारणले घरबासमा क्षति भएकाहरुका लागि नगद रु. १४००००।०० (एक लाख चालिस हजार मात्र) राहत प्रदान गरिएको।
- वातावरण तथा विपद व्यवस्थापन शिर्षकमा रु. २००००००००।०० (दुई करोड मात्र) र नदि नियन्त्रण, करिडोर स्तरोन्नति तथा भू संरक्षण शिर्षकको रु. १५००००००।०० (एक करोड पचास लाख मात्र) गरि कुल ३५००००००।०० (तीन करोड पचास लाख मात्र) रकमबाट विपदजन्य अवस्थामा रहेका घरबस्ती, सार्वजनिक स्थल, बाटो, पुल पुलेसा, मन्दिर तथा स्कुल लगायतको संरक्षणको लागि ८२ वटा छुट्टाछुट्टै कार्यक्रम स्वीकृत गरि टेवा वाल पर्खाल लगाउने लगायतका कार्यक्रमहरु भएका।
- सबै वडाका २/२ जना सक्रिय सेवाप्रदायक व्यक्तिहरु समेत २५ जनालाई फाएर एण्ड ईमर्जेन्सी सर्भिस व्यवस्थापन **(FESMI)** संस्थाको सहकार्यमा ५ दिने अग्नि नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन भएको।

## सुशासन र सार्वजनिक सेवा व्यवस्थापनमा भएका सुधारहरु

- प्रशासनिक सुधार : कार्यालय भवन निर्माण,शाखा,उपशाखा व्यवस्थापन, कर्मचारीहरुको कार्य विभाजन, संगठन चार्ट निर्माण
- सम्पुर्ण सेवा खरिद कार्य टेण्डर मार्फत गरिएको, E-Attendance लागु
- भ्रष्टचार नियन्त्रण : सि.सि.टि.भि जडान, अनुगमन, सार्वजनिक सुनुवाई
- नगरपालिकाको सूचनाहरु / गतिविधि/ आर्थिक विवरण नगरपालिकाले Website, mobile apps र फेसबुक पेज मार्फत सरोकारवाला समक्ष पुऱ्याउने गरेको ।
- सूचना अधिकारीको व्यवस्था
- गुनासो सुन्ने अधिकारीको व्यवस्था

# बेरुजुको विवरण (रकम रु. हजारमा)

| विवरण | बेरुजु रकम | | | | फर्छ्यौट रकम | | | | बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनियमित | पेश्की | असुल उपर | जम्मा | अनियमित | पेश्की | असुल उपर | कुल | |
| ०७३।०७४ सम्म | | | | | | | | | १६०३५ |
| ०७४।०७५ | १४८४१ | ८४६२ | १६२ | २३४६५ | | | | | |
| ०७५।०७६ | ५५७६४ | ६४०९ | ५५११ | ६७६८४ | | ८२०० | | | |
| ०७६।०७७ | २७५०१८ | १८९३ | ५१२१ | २८२०३२ | | | | | ३८१०१६ |

# उजुरी/गुनासो फछर्यौटको अवस्था

| विवरण | संख्या | कारवाही संख्या | सम्बोधन (फर्छ्यौट) |
|---|---|---|---|
| अ·दु·अ·आ उजुरीहरु | १२ | | सम्पूर्णको समयमै जवाफ पठाएको |
| हेलो सरकारको उजुरीहरु | ४ | ४ | ४ |
| सतर्कता केन्द्रको उजुरीहरु | ३ | | सम्पूर्णको समयमै जवाफ पठाएको |
| संघ, प्रदेश मन्त्रालय, विभाग र अन्य निकायहरुवाट प्राप्त | | | |
| कूल | १९ | ४ | |

# नवीनतम कार्य

- तारकेश्वर बुलेटिन प्रकाशन
- तारकेश्वर नगरपालिका सम्पदा, जात्रा र परम्परा पुस्तक प्रकाशन
- नेपालकै तेस्रो ठूलो राष्ट्रिय झण्डा पार्कको निर्माण
- EBPS को पूर्वाधार तयारी गरिएको

## नगरपालिकाका प्रमुख चुनौतीहरु

१. भौतिक संरचना (भवन) को अभाव (नगर, वडा, स्वास्थ्य चौकी,विद्यालय)

२. सहभागितामूलक योजना तर्जुमा पद्धतिलाई संस्थागत गर्न नसकिएको

३. समयमै योजना सम्पन्न हुन नसक्नु

४. समायोजन प्रकियाले कर्मचारी व्यवस्थापन अझै पनि चुनौतीपूर्ण ।

५. अपेक्षित रुपमा स्रोत साधन उपलब्ध हुन नसक्नु ।

६. राजश्व क्षेत्रको दायरा  अझै फराकिलो बनाउन नसक्नु

## संघ, प्रदेश र अन्य निकायसंगको अपेक्षा

१.समन्वय, अनुगमन, मुल्याङ्कनमा सहयोग

२. क्षमता विकास कार्यक्रममा सहयोग

३. नीतिगत, संस्थागत पूर्वाधार विकास support

४. स्रोत साधन विनियोजन, वाडँफाडँ अझै वैज्ञानिक बनाउनु पर्ने

५. संघ, प्रदेश र स्थानीय सरकार बीच थप समन्वयको खाँचो

# प्रगतिका झलकहरु:







श्री जिल्ला समन्वय समिति काठमाडौंका प्रमुख श्री शिव राज बैध ज्यू र तारकेश्वर नगरपालिकाका नगर प्रमुख श्री रामेश्वर बोहरा ज्यूबाट तारकेश्वर नगरपालिकाको प्रशासकीय भवन समुघाटन गर्नुहुदैं र निर्माण हुने भवनको 3D फोटो

# क्रमशः






**ता.न.पा. वडा नं. ८ को कार्यालयमा प्रसुती तथा स्त्री रोग उपचार विशेषज्ञ बहिरङ्ग (OPD) सेवा उद्घाटन माननीय स्वास्थ तथा जनसंख्या मन्त्री भानुभक्त ढकाल ज्यू बाट सम्पन्न**

# क्रमशः






तारकेश्वर नगरपालिकाका ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण, निःशुल्क आँखा शिविर तथा प्रयोगशाला परीक्षणको झलक





ता.न.पा. वडा नं. ३ जितपुरफेदी स्थित तारकेश्वर धामको काठमाडौं महानगरपालिकाका प्रमुख श्री विद्यासुन्दर शाक्यज्यू तथा तारकेश्वर नगरपालिकाका प्रमुख श्री रामेश्वर बोहराज्यू बाट संयुक्त समुद्घाटन समारोहको झलक










मिति २०७८।०२।०३ गते तारकेश्वर नगरपालिका वडा नं १ साङ्ला स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा २५ बेडको अक्सिजन सहितको आइसोलेसन सेन्टरको बिधिवद रुपमा नगर प्रमुख श्री रामेश्वर बोहरा ज्यूले उद्घाटन गर्नुहुदैं







तारकेश्वर नगरपालिका वडा नं. २ स्थित देवीस्थानमा राष्टिय झण्डा पार्क जाने फुट ट्र्याक निर्माणको कार्य हुदैं



तारकेश्वर नगरपालिका र हेल्थ केयर फाउन्डेशन नेपाल राष्ट्रिय मृगौला उपचार केन्द्र बनस्थली काठमाडौंबीच “तारकेश्वर नगरपालिका राष्ट्रिय मृगौला उपचार केन्द्र साङ्ला शाखा” सञ्चालनका लागि हस्ताक्षर कार्यक्रम




२९ औं अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा ता.न.पा वडा ३, ४, ५ र ६ मा रहेका ५ वटा संस्थामा आश्रित अपांग व्यक्तिहरुलाई न्यानो कपडा, सेनिटाईजर, सेनिटरी प्याड, साबुन, माक्स लगायतका सामग्रीहरू वितरण गर्दै




तारकेश्वर १० स्थित निर्माण सम्पन्न लोकतान्त्रिक पार्क



शेषमती, जरङ्खु, भेडीगोठ, काभ्रेस्थली मुल सडक अन्तर्गतको काभ्रेस्थली सडक खण्ड



तारकेश्वर ९ र १० को सिमाना लोकतान्त्रिक चोकबाट मनमैजु-फुटुङ जाने कालोपत्रे मुल सडक







कोभिड महामारीको समयमा रगत अभावलाई मध्यनजर राख्दैं ताकेश्वर नगरपालिकाले आह्वान गरेको आयोजित आकस्मिक बृहत रक्तदान कार्यक्रममा आयोजनाको अन्तिम दिन (११ औं दिन) नगर प्रमुख ज्यूबाट ता.न.पा. वडा नं. ४ मा भएको रक्तदान कार्यक्रममा आफुले रक्तदान गर्नुहुदैं



धर्मस्थली पृकुन स्थित कल्भर्ट र पछाडि देखिएको नवनिर्मित प्रहरी चौकी भवन



तारकेश्वर ६ स्थित पृकुनमा खोला छेउमा लगाईएको पर्खाल



नगर उज्यालो कार्यक्रम अन्तर्गत पहिलो चरणमा जरङ्खु, शेषमती, नेपालटार-लोकतान्त्रिक चोक सडकमा जडान सोलार बत्तीहरु






तारकेश्वर नगरपालिकाको बढ्दो शहरीकरणलाई मध्यनजर राख्दैं ता.न.पा. वडा नं ११ स्थित नेपालटारमा महानगरीय ट्राफिक प्रहरी प्रभागको उद्घघाटन कार्यक्रम




कोभिड-१९ (कोरोना भाईरस) को विषम परिस्थितिलाई मध्यनजर गर्दै ता.न.पा. १० लोकतान्त्रिक चोकमा कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापनका लागि स्थापना गरिएको हेल्प डेक्स तथा जनचेतना कक्ष




तारकेश्वर ११ स्थित नागरिक आरोग्य केन्द्र समुद्घाटन समारोह





कोभिड महामारीमा जनताको घरदैलोमा कोरोना संक्रमित बिरामीलाई पौष्टिक आहारका लागि प्रतिव्यक्ति पाँच हजार नगदसहित स्वास्थ्य सामाग्री हस्तान्तरण गर्नुहुँदै



निर्माणपछिको नेपालटार फुटुङ्ग सडक खण्ड



निर्माणपछिको शेषमती बोहराटार नागार्जुन कालोपत्रे पक्की सडक




बढ्दो शहरीकरणलाई मध्यनजर गर्दै पैदल यात्रु आवात जावात गर्न बनाईएको नेपालटार पुलसँगै निर्मित **Pedestrian Steel Bridge**



साङ्गला पुरानो बजारस्थित नवनिर्मित साङ्गला ऐतिहासिक पोखर



लामबगरस्थित वडा नं. ६ र ८ जोड्ने महादेव खोला पुल



वडा नं. ८ स्थित ज्ञानभूमी हाइडबाट गैरीगाउँ जाने निर्माण सम्पन्न ढलान बाटो।




तारकेश्वर नगरपालिकामा लागु गरिएको कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम



तारकेश्वर-१० स्थित लोकतान्त्रिक माइक्रोपार्क नजिक निर्माण सम्पन्न महिला सामुदायिक भवन



ता.न.पा.४ स्थित दगुर्नेपानीमा रहेको नवनिर्मित लखपात पोखरी



दगुर्नेपानी स्थित वडा नं. ४ को कार्यालय प्रवेश गर्ने प्रवेशद्वार




JCB
VIBROMAX




REDMI NOTE 5 PRO
MI DUAL CAMERA






आठौ नगरसभा,  पौष २७, २०७७




नवौ नगरसभा, असार ९



# धन्यवाद !!



## तारकेश्वर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

### धर्मस्थली, काठमाडौं

बागमती प्रदेश, नेपाल